# सिद्धिचरण नगर कार्यपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७५

**प्रस्तावना :**

सिद्धिचरण नगर कार्यपालिकाको आर्थिक बर्ष ०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम सिद्धिचरण नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहनेछ ।
(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि सिद्धिचरण नगरपालिकाको क्षेत्रमा लागु हुनेछ ।

२: **एकीकृत सम्पत्ति कर :** नगरपालिका क्षेत्रभित्र अनुसूची (१) मा उल्लेखित दरमा एकीकृत सम्पत्ति कर लगाई अशुल उपर गरिनेछ, तर ८ लाख भन्दा कम सम्पत्ति हुनेलाई वार्षिक न्यूनतम मूल्य रू.१००।- कायम गरिनेछ ।

३. **घर बहाल कर :** नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (२) मा उल्लेखित दरमा घर जग्गा बहाल कर लगाई अशुल उपर गरिनेछ ।

४. **व्यवसाय कर :** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) उल्लेखित दरमा व्यवसाय कर लगाई अशुल उपर गरिनेछ ।

५. **सवारी साधन कर :** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (४) उल्लेखित दरमा सवारी साधन कर लगाई अशुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

६. **विज्ञापन कर :** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (५) बमोजिमको दरमा विज्ञापन कर लगाई अशुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

७. **मनोरञ्जन कर :** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (६) मा उल्लेखित दरमा कर लगाई अशुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **बहाल विटौरी शुल्क :** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका हाट बजार, र नगारपालिका क्षेत्रभित्र सञ्चालन भएका वा गरिने पसल व्यवसायहरू बाट अनुसूची (७) मा उल्लेखित दरमा शुल्क लगाई अशुल उपर गरिनेछ ।

९. **पार्किङ शुल्क :** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (८) मा उल्लेखित दरमा पार्किङ्ग शुल्क लागाई अशुल उपर गरिनेछ ।

१०. **सेवा शुल्क दस्तुर :** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन, गरेका अनुसूची (९) मा उल्लेखित दरमा स्थानीय पूर्वाधार र उपलव्ध गराईएको सेवाको प्रकृतिको आधारमा सेवा शुल्क लगाई अशुल उपर गरिनेछ ।

**११. करमा छुट दिन नमिल्ने :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरू लाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१२. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर, शुल्क तथा दस्तुर संकलन सम्वन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

**१३. सदर मानिने :** यो ऐन जारी हुन अघि साविक सिद्धिचरण नगरपालिकाले जारी गरेको कर, शुल्क तथा दस्तुर यर्स ऐन बमोजिम लिएको मानिनेछ ।

अनुसूची -१

(ऐनको दफा २ सँग सम्वन्धित)

## नगरपालिकाबाट लिईने एकीकृत सम्पत्ति करको दर
## (एकीकृत सम्पत्ति कर घर जग्गामा लाग्ने दर)

**क)** प्रत्येक व्यक्तिको जग्गा र संरचनामा सम्पत्तिमा ०.०१२५ प्रतिशतको दरले वार्षिक एक मुष्ट कर अशुल उपर गरिनेछ । साथै आठ लाख सम्मको सम्पत्तिमा एक मुष्ट रू.१०० मात्र लिईनेछ ।

अनुसूची -२

(ऐनको दफा (३) सँग सम्वन्धित)

## नगरपालिकाबाट लिईने घर बहाल करको दर

| | | |
|---|---|---|
| **बहाल कर (पटके)** | नगरपालिका क्षेत्रभित्रको घर,पसल, ग्यारेज, गोदाम, टहरा, शेड (छप्पर), कारखाना,जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा बहालमा दिएकोमा सम्वन्धित धनीबाट बहाल रकमको | १०% |
| | नगरपालिका क्षेत्रमा निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट मासिक बहाल विटौरी कर | २।- |

**अनुसूची-३**
**(ऐनको दफा (४) सँग सम्वन्धित)**
**नगरपालिकाबाट लिईने व्यवसाय करको दर बार्षिक दर**

| | | |
|---|---|---|
| **व्यवसाय कर (वार्षिक)** | भिडियो,क्यासेट रिकार्डर तथा प्लेयर आदिको थोक तथा खुद्रा व्यापारमा | २०००।- |
| | ज्वेलेरी (सुन चाँदी) पसल | ४०००।- |
| | चुरोट तथा स्वदेशी उत्पादनका सिलवन्दी मदिरा, वियरको डिलर | १०,०००।- |
| | चुरोट तथा स्वदेशी उत्पादनका सिलवन्दी मदिरा, वियरको खुद्रा विक्रेता | १०००।- |
| | पेट्रोल पम्प | ३०००।- |
| | मोबाईलको सेट विक्रेता तथा मोबाईल रिपेयरिङ्ग सेन्टर | १००० ।- |
| | कटाई सिलाई प्रशिक्षण केन्द्र | १००० ।- |
| | कटाई सिलाई सेन्टर (टेलरिङ्ग) | १०००।- |
| | पुस्तक विक्रेता तथा स्टेशनरी पसल | २०००।- |
| | छापाखाना | २०००।- |
| | फोटो स्टुडियो | १००० ।- |
| | कम्प्युटर, विद्युत सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, जस्ता वस्तुका थोक तथा खुद्रा व्यापारमा | १००० ।- |
| | दैनिक उपभोगका खाद्य तथा अन्य किराना सामानहरू (सानो)<br>दैनिक उपभोगका खाद्य तथा अन्य किराना सामानहरू (ठूलो) | १०००।-<br>१००० ।- |
| | थान तथा रेडिमेड कपडा पसल | १००० ।- |
| | कस्मेटिक, फेन्सी पसल | १०००।- |
| | कस्मेटिक, फेन्सी पसल र व्यूटी पार्लर सहित | १००० ।- |
| | हेयर कटिङ सैलुन | १०००।- |
| | सवारी साधन विक्रेता (बाईसाईकिल र मोटर बाईक बाहेक) | ३०००।- |
| | बाईसाईकिल विक्रेता | १००० ।- |
| | मोटर बाईक विक्रेता | २०००।- |
| | रेडियो ,टि.भि., घडी, प्रेसर कुकर, हिटर, विद्युत सामाग्री मर्मत केन्द्र | १०००।- |
| | मोटर पार्टसको विक्रेता | १५००।- |
| | मासु विक्रेता (फ्रेस हाउस) | १०००।- |
| | फलफूलको विरूवा विक्रेता | ५००।- |
| | पूल हाउस | १०००।- |
| | खोटो व्यवसायी | १०००।- |

| | | |
|---|---|---|
| | सिसा, प्लाइवुड विक्रेता | १०००।- |
| | भाडाँकुडा विक्रेता | १००० ।- |
| | स्टिल फर्निचर विक्रेता | १००० ।- |
| | काठ फर्निचर विक्रेता | १००० ।- |
| | हार्डवेयर पसल बजारक्षेत्र | ५०००।- |
| | हार्डवेयर पसल ग्रामिण क्षेत्र | २०००।- |
| | खेलौना, उपहार, (गिफ्ट) विक्रेता | १०००।- |
| | कपास विक्रेता वा कपासद्वारा निर्मित सामानका उत्पादक (धुनिया) | २०००।- |
| | फलफूल विक्रेता | १०००।- |
| | **विशेषज्ञ परामर्श तथा व्यावसायिक सेवा (बार्षिक)** | |
| | चिकित्सक | २०००।- |
| | कविराज | १०००।- |
| | इन्जिनियर | २०००।- |
| | कानून व्यवसायी | २०००।- |
| | लेखापरीक्षक | २०००।- |
| | दन्त चिकित्सक | १०००।- |
| | अनुसन्धानकर्ता तथा परामर्शदाता | १०००।- |
| | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | २०००।- |
| | सर्भेयर | १५००।- |
| | अनुवादक | १०००।- |
| | पशु चिकित्सक | १०००।- |
| | शेयर दलाल | २०००।- |
| | सामान ढुवानीकर्ता तथा कम्पनी | १५००।- |
| | संस्थागत पेन्टर | ५०००।- |
| | व्यक्तिगत पेन्टर | १०००।- |
| | **निर्माण व्यवसायी (बार्षिक)** | |
| | 'घ' वर्गका निर्माण व्यवसाय दर्ता | ५०००।- |
| | 'घ' वर्गका निर्माण व्यवसायीक (नबिकरण) | ३०००।- |
| **उत्पादन मूलक उद्योग (बार्षिक)** | कोर्रा माल वा अर्ध प्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी माल समान उत्पादन गर्ने उद्योग व्यवसायमा | २०००।- |
| **उर्जामूलक उद्योग (बार्षिक)** | जलस्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्याँस तथा अन्य स्रोतहरूवाट ऊर्जा पैदा गर्ने उद्योग व्यवसायमा | २०००।- |
| | सोलार विक्रेता | ३०००।- |

| | | |
|---|---|---|
| | मूलत : कृषि वा वन पैदावारमा आधिरित उद्योग व्यवसाय | १५००।- |
| **खनिज उद्योग (बार्षिक)** | खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | १५००।- |
| | ढुंगा, गिट्टी, वालुवा तथा ग्राभेल, चोकर, बोल्डर खोलाबाट निकासी गर्दा प्रति ट्रयाक्टर | १०००।- |
| | ढुंगा, गिट्टी, वालुवा तथा ग्राभेल, चोकर, बोल्डर खोलाबाट निकासी गर्दा प्रति टिफर | ३०००।- |
| **पर्यटन उद्योग (बार्षिक)** | पर्यटन, आवास, ट्राभल एजेन्सी, स्किीइङ, ग्लाईडिङ्, वाटर न्याफ्टीङ, पोनी ट्रेकिङ, पदयात्रा, हटएयर, व्यालुनिङ, प्यारा सेलिङ, गल्फकोर्ष, पोलो, अश्वारोहण, आदि जस्ता उद्योग व्यवसायमा | ५०००।- |
| **होटल तथा रेष्टुँरा (बार्षिक)** | लज सहितको होटल | २५००।- |
| | होटल | १०००।- |
| | रिसोर्ट | ४०००।- |
| **सेवा उद्योग (बार्षिक)** | परामर्श सेवा, जिनिङ्ग तथा वेलिङ्ग व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय | २०००।- |
| **संघ संस्था दर्ता शुल्क** | संघ संस्था दर्ता शुल्क नयाँ | २०००।- |
| **संघ संस्था नविकरण वार्षिक** | दश लाख सम्मको कारोवारमा | १०००।- |
| | दश लाख देखि माथि प्रति लाख रू. सयका दरले थप गरिनेछ | १०००+ (प्रति लाख) |
| **मुहान दर्ता** | खानेपानी मुहान दर्ता | १०००।- |
| | सिंचाई मुहान दर्ता | २०००।- |
| | अन्य प्रयोजनको लागि | ५०००।- |
| **निर्माण उद्योग (बार्षिक)** | सडक, पुल, रोपवे, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ बृज तथा औधोगिक व्यापारिक एवम् आवास कम्प्लेक्स आदि निर्माण गरी सञ्चलान गर्ने उद्योग व्यवसायमा | १०००।- |
| **फोहोरमैला व्यवस्थापन** | बसोबासको लागि प्रगोय गरिएको घर/चिया पसलबाट | १००।- |
| | किराना/कस्मेटिकबाट | २००।- |
| | होटल व्यवसाय | ३००।- |
| **सञ्चार सेवा (बार्षिक)** | निजी क्षेत्रको हुलाक सेवा (कुरियर सेवा) | ५००।- |
| | निजी क्षेत्रबाट इन्टरनेट सेवा प्रदायक संस्थाहरू | ३०००।- |
| **वित्तिय सेवा (बार्षिक)** | (१) क वर्गको वैंक | २०,०००।- |
| | (२) ख वर्गको बैंक | १५,०००।- |
| | (३) ग वर्गको वैंक तथा वित्तिय संस्था | १०,०००।- |
| | (४) घ वर्गको वैंक तथा वित्तिय संस्था | ६,०००।- |

| | | |
|---|---|---|
| | बीमा कम्पनी | ५,०००।- |
| | विदेशी मुद्रा सटही | ५०००।- |
| | सहकारी तथा लघुवित्त संस्थाहरू | ४०००।- |
| | गैर सरकारी अस्पताल | ७०००।- |
| **स्वास्थ्य सेवा (बार्षिक)** | नर्सिङ्ग होम/प्राविधिक शिक्षा सञ्चालन गर्ने प्राईभेट क्षेत्रलाई | ५०००।- |
| | क्लिनिक तथा ल्याब | ४०००।- |
| | डेन्टल केयर सेन्टर | ३०००।- |
| | औषधि विक्रेता फार्मेसी | २५००।- |
| | **निजी तथा सामुदायिक लगानीमा सञ्चालन भएका विद्यालयहरू** | |
| **शिक्षा सेवा (बार्षिक)** | निजी तथा संस्थागत लगानीमा जिल्ला सदरमुकाममा सञ्चालन भएका विद्यालयहरू | ५०००।- |
| | निजी तथा संस्थागत लगानीमा जिल्ला सदरमुकाम बाहिर सञ्चालन भएका विद्यालयहरू | २५००।- |
| | तालिम तथा अनुसन्धान केन्द्र | १५००।- |
| | टाईपिङ्ग, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | १५००।- |
| | ल्याङ्ग्वेज तथा ट्यूशन सेन्टर | २०००।- |
| **मर्मत संभार सेवा** | हेभि इक्विपमेन्ट बस, ट्रक, कार, मोटरसाईकल, टेम्पो, साईकल मर्मत कारखाना (ग्यारेज वर्कशप आदि) | ५०००।- **(बार्षिक)** |
| | विज्ञापन सेवा | २०००।- |
| **अन्य सेवा (बार्षिक)** | वैदेशिक रोजगार सेवा | ५०००।- |
| | स्वदेशी रोजगार सेवा | १०००।- |
| | सेक्रेटेरियल सेवा | १५००।- |
| | हाउजिङ तथा घरजग्गा खरिद विक्री (रियल स्टेट) | १००००।- |
| | साइनवोर्ड वनाउने, पेन्टिङ्ग सेवा | १०००।- |
| | साइनबोर्ड फ्लेक्स प्रिन्ट सेवा | २०००।- |
| | केवुल, नेटवर्किङ्ग सञ्चालन गर्ने व्यक्ति/संस्था | ४०००।- |
| **अन्य व्यवसायः (बार्षिक)** | पार्क, पिकनिक स्पोर्ट | १०००।- |
| | टुर अपरेटर | ३५००।- |
| | मसाज पार्लर | १५००।- |
| | दैनिक उपभोगका खाद्य पदार्थ बेच्ने पसल | १५००।- |
| **व्यवसाय कर (बार्षिक)** | लुगा सिउने, कपास काट्ने, कपाल काट्ने, कपडा धुने, पान बेच्ने, तस्वीर खिच्ने, माटोको भाँडा बेच्ने पसल | १०००।- |
| | लत्ता कपडा, फलाम, सिमेन्ट, कर्कटपाता, तामा, सुनचाँदीका गहना, तथा पित्तलबाट तयार हुने भाँडकुँडा, रङ्गरोगन, कलात्मक मूर्तिको सामान, बिजुलीको मालसामान बेच्ने पसल | २०००।- |

| | | |
|---|---|---|
| | मसलन्दको सामान, पेट्रोल, मोबिल, आयल, आइसक्रिम,जुत्ता, फर्निचर, फर्निसिङ, मेशिनको पार्टपूर्जा, तयारी पोशाक, आदि मालसामान बेच्ने पसल | २०००।- |
| | रेडियो, घडी, क्यामेरा, टेलिभिजन, फ्रिज, सावारी साधन वा विलासिताको सामान बेच्ने पसल | १०००।- |
| | स्थानीय इजाजत प्राप्त भएको भट्टीबाट उत्पादित सबै प्रकारका मदिरा बेच्ने पसल वा भट्टीमा | २०००।- |
| | सिमेन्ट, टायल, सिमेन्ट ब्लक, ह्यूम पाईप, सिमेन्ट, पोल जस्ता सिमेन्टबाट तयार हुने सामानको प्रति पसल | ५०००।- |
| | स्वदेशी वा विदेशी डिष्टिलरी वा ब्रुअरीबाट उत्पादित बोतलबन्दी मदिरा, पसल | ३०००।- |
| | चिया, मिठाई पसल वा भोजनालय | ५००।- |
| | नेपाल सरकारको स्वीकृति लिई स्थापना भएको मदीराभट्टी | ५०००।- |
| | कविराज, चिकित्सक, दन्तचिकित्सक, इञ्जिनियर, कानून व्यवसायी,लेखापरीक्षक, व्यवसायिक व्यायामशाला, ज्योतिष, शिक्षण संस्था (टाईप, कम्प्युटर) मनिचेञ्जर, फर्निचर, पशु चिकित्सा सेवा, मसाज पार्लर, पेन्टर | १०००।- |
| | दुग्ध व्यवसायी चिज उद्योग | ५००।- |
| | व्यवसायिक तालिम केन्द्र | १०००।- |
| | पेल्ट्रिकसेट | १०००।- |
| | माईक्रो हाईड्रो | ३०००।- |
| | घरेलु तथा साना उद्योग | ५००।- |
| | मझौला उद्योग | ८००।- |
| | ठूलो उद्योग | ४०००।- |
| | नगरपालिका क्षेत्रमा प्रधान कार्यालय भएका क, ख र ग वर्गका निर्माण व्यवसायिलाई प्रवेश शुल्क | १०००।- |
| | व्यवसायिक सञ्चार (फोन, फ्याक्स) सेवा | १०००।- |
| | मिलको प्रति अश्वशक्ति | ३५ |
| | माथिको वर्गीकरणमा नपरेका अन्य पसल तथा कारोवारमा कारोवार हेरी | ५००-५००० सम्म |

अनुसूची-४

(ऐनको दफा ५ सँग सम्वन्धित)

# नगरपालिकाले लिने सवारी साधन करको बार्षिक दर

| | | |
|---|---|---|
| **सवारी कर (बार्षिक)** | बस, ट्रक लरी र अन्य हेभी गाडीमा एक | १०००।- |
| | कार, जीप | ५००।- |
| | भाडाको टेम्पो | १००।- |
| | स्कुटर,मोटरसाइकल तथा अन्य सवारी साधनमा | ५०।- |
| | ठेलागाडा तथा रिक्सा | २५।- |
| **सवारी कर समयमा नबुझाएमा थप जरिवाना** | निजी तथा भाडका वस/ट्रक/ट्रयाक्टर र जीप | ५०।- |
| | निजी तथा भाडाका कार टेम्पो | ३०।- |
| | मोटरसाइकल वाहेकका अन्य सवारी साधनमा | २०।- |
| | यस कार्यालयमा रहेको ब्याकहोई लोडर सञ्चालन गरिदा प्रकोप उद्धार, बाढी पहिरोका कारण अवरूद्ध हुन जाने नगरक्षेत्रका सडक खुलाउने र फोहोरमैला व्यवस्थापन जस्ता सार्वजनिक हित प्रवर्द्धनको कार्यलाई प्राथमिकता दिई सञ्चालन गर्ने र सो क्रममा लाग्न जाने इन्धन समेत कार्यालयबाटै ब्यहोरी खर्च लेख्दा अनिवार्यरूपमा डोजर माग गरेको र औचित्य खुलाई वडा अध्यक्ष/अन्य क्षेत्रमा प्रमुखबाट तोक आदेश भएको कागजात संलग्गन गर्नु पर्नेछ । त्यस बाहेक बाँकी रहेको समयमा कुनै व्यक्ति, निकाय र संघ संस्थाले भाडामा लिन चाहेमा तपसिल अनुसारको भाडा दरमा उपलब्ध गराई भाडा वापत प्राप्त रकम ब्याकहोई लोडर मर्मत सम्भारकोष शीर्षकको रा.व. बैंक ओखलढुंगामा रहेको खाता नं. २०७०००८२२६०१ मा रकम जम्मा गरी बैंक भौचर संलग्न राखी निवेदनमा कार्यालय प्रमुखबाट तोक आदेश भएपछि मात्र सम्बन्धित साईटमा ब्याकहोई लोडर पठाईने व्यवस्था गरिनेछ । | भाडा दर<br>इन्धन सहित रू.२७००।- इन्धन बाहेक रू.१७००।- प्रति घण्टा |
| **टिफर भाडामा दिदा** | फोहोर बोक्दा प्रति किलो मिटर | २००।- |
| | फोहोर संकलन दुई जना सहित प्रति घण्टा | १२००।- |
| | माटो/ढुंगा/काठ दाउरा प्रति घण्टा रू. | ३००।- |

अनुसूची-५

(ऐनको दफा ६ सँग सम्वन्धित)

**नगरपालिकाले लिने विज्ञापन करको दर**

| | विवरण | प्रति वर्ग फिट दर | |
|---|---|---|---|
| **विज्ञापन कर** | **मादक पदार्थ र सूर्तिजन्य वस्तुहरूको** | पटके | बार्षिक |
| | क) होडिङ् बोर्ड/डि.पि.एस.बोर्ड/ग्लो बोर्ड | २०।- | ५०।- |
| | ख) भित्ते लेखन | २०।- | २५।- |
| | ग) तुल व्यानरमा लेखाई | २०।- | २५।- |
| | **होटल तथा व्यापार व्यवसाय तथा सवारी साधनको प्रवर्द्धन सम्वन्धी :** | | |
| | क) होर्डिङ बोर्ड/डि.पि.एस.बोर्ड/ग्लो बोर्ड | १५।- | ४०।- |
| | ख) भित्ते लेखन | १५।- | २०।- |
| | ग) तुल व्यानरमा लेखाई | १५।- | २०।- |
| | **होटल तथा व्यापार व्यसाय तथा सवारी साधनको प्रवर्द्धन सम्वन्धी :** | | |
| | क) होडिङ बोर्ड/डि.पि.एस.बोर्ड/ग्लो बोर्ड | १५।- | ३५।- |
| | ख) भित्ते लेखन | १५।- | १५।- |
| | ग) तुल व्यानरमा लेखाई | १५।- | १५।- |

अनुसूची-६

(ऐनको दफा ७ सँग सम्वन्धित)

**नगरपालिकाले लिने मनोरञ्जन करको दर**

| | | |
|---|---|---|
| **मनोरञ्जन कर (पटके)** | सिनेमाहल, भिडियोहल,साँस्कृतिक प्रदर्शन हल, थिएटर, संगीत, मनोरञ्जन प्रदर्शनस्थल, ऐतिहासिकस्थल, पुरातात्विक स्थल एवम धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क रकम | २ % |
| | (तर, ऐतिहासिक, पुरातात्विक र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई प्रवेश शुल्क लिईने छैन ) | |
| | जादु, सर्कस, चटक आदिमा प्रति दिन | २००।- |

अनुसूची-७

(ऐनको दफा ८ सँग सम्वन्धित)

**नगरपालिकाले लिने वहाल विटौरी शुल्कको दर**

| | कारोवारको किसिम | ओखलढुगा | रूम्जाटार |
|---|---|---|---|
| **अस्थायी हाटवजार र घुम्ती पसल (पटके)** | राँगा प्रति गोटा (रूम्जाटार) | १५०।- | १००।- |
| | हाँस कुखुरा आदि प्रति गोटा | १०।- | १०।- |
| | खसी/बोका प्रति गोटा | ५०।- | ३०।- |
| | सुंगुर प्रति गोटा (बिक्री) | ३०।- | ३०।- |
| | सुंगुर प्रति गोटा (मासुको लागि) | १००।- | ५०।- |
| | साग सब्जी र फलफूल पसल | २०।- | २०।- |
| | अन्य | १०।- | १०।- |
| | फेन्सी/खुद्रा | ५०।- | २५।- |
| | कपडा पसल/भाडा पसल | १००।- | १००।- |
| | घुम्ती (मोवाईल) पसल, समेतमा | ५०।- | ५०।- |
| | माथीको वर्गीकरणमा समावेश नभएका सेवा, व्यवसायको कारोवारको स्तर हेरी वार्षिक | रू.१०० देखी ५०० सम्म | रू.१०० देखि ५०० सम्म |

अनुसूची-८

(ऐनको दफा ९ सँग सम्वन्धित)

**नगरपालिकाले लिने पार्किङ शुल्कको दर**

| | | |
|---|---|---|
| **पार्किङ शुल्क (पटके)** | नगरपालिकाले व्यवस्था गरेको सवारी पार्कमा पार्किङ गरिएका बस, मिनिवस, ट्रक, ट्रयाक्टरमा पार्किङ गर्न प्रति घण्टा पार्किङ शुल्क | २०।- |
| | नगरपालिकाले आफूले तोकेको कार पार्किङ क्षेत्रमा कार पार्किङ गर्न प्रति घण्टा पार्किङ शुल्क | १५।- |
| | उल्लेखित सवारी साधन वाहेक अन्य सवारी साधनहरूका लागि नगरपालिकाले व्यवस्था गरेका क्षेत्रहरूमा पार्किङ प्रति घण्टा | १०।- |

अनुसूची-९

(ऐनको दफा १० सँग सम्वन्धित)

## नगरपालिकाले लिने सेवा वा व्यवसाय शुल्कको दर

| | | |
|---|---|---|
| **दर्ता तथा सञ्चालन इजाजत दस्तुर** | नगरपालिका क्षेत्रमा ठेला, रिक्सा, टाँगा दर्ता गरी नम्वर दिए वापत नगरपालिकाले लिने सवारी दर्ता कर (सवारी साधनको सवारी साधनको किसिम हेरेर) | ५०।- **(पटके)** |
| **व्यवसायिक भिडियो कर** | प्रति भिडियो प्रति वर्ष | २००।- **(बार्षिक)** |
| **सम्पत्ति मूल्यांकन सेवा शुल्क (पटके)** | दशलाख सम्मको मूल्यांकनमा प्रति सिफारिस रू. | ५००।- |
| | दशलाख एक देखि पच्चीस लाख सम्मको मूल्याङ्कनमा प्रति सिफारिस रू. | १०००।- |
| | पच्चीस लाख एक देखि पचास लाख सम्मको मूल्यांकनमा प्रति सिफारिस रू. | २५००।- |
| | पचास लाख देखि एक करोड सम्मको मूल्यांकनमा प्रति सिफारिस रू. | ५०००।- |
| | एक करोड देखि माथि प्रति सिफारिस रू. | ७०००।- |
| **दर्ता, प्रमाणिकरण तथा अन्य सिफारिस (पटके)** | **उद्योग वा व्यवसाय दर्ताको सिफारिस** (जुन प्रकृतिको उद्योग दर्ता गर्ने हो सोही प्रकृतिको उद्योग वा व्यवसायले वार्षिक नवीकरण दस्तुर वापत बुझाउने शुल्क बरावरको रकम दर्ता शुल्कमा लाग्ने) | |
| | जग्गा नामसारी (सरजमिन सहित) | ५००।- |
| **वार्षिक आय विवरण खुलेको सिफारिस (पटके)** | वार्षिक पाँचलाखसम्मको आय विवरणमा प्रति सिफारिस | ३००।- |
| | वार्षिक एक देखि दशलाख सम्मको प्रति सिफारिस | ७५०।- |
| | दश लाख एकदेखि तीस लाख सम्मको प्रति सिफारिस | १०००।- |
| | तीस लाख एक देखि माथि प्रति लाख थप | २०।- |
| | विशेष मूल्याङ्कनमा पर्ने कित्ताहरूमा प्रति कित्ता रू. | १५०।- |
| | ३ आना भन्दा घटी क्षेत्रफल भएका कित्ताहरूमा प्रति कित्ता रू. | १००।- |
| | ३ आना भन्दा बढी क्षेत्रफल भएको कित्ताहरूमा प्रति कित्ता रू. | १५०।- |
| | विशेष मूल्याङ्कनमा नपर्ने कित्ताहरू प्रति सिफारिस | १००।- |
| **जग्गाको अवस्थिति खुलेको सिफारिस** | विशेष मूल्यांकनमा पर्ने जग्गाको प्रति कित्ता | ४००।- |
| | विशेष मूल्यांकनमा नपर्ने जग्गाको प्रति कित्ता | ५०।- **(पटके)** |

| | | |
|---|---|---|
| **अन्य सिफारिस एवम् प्रमाणिकरण (पटके)** | विद्युत मिटर मागको प्रति सिफारिस | ५००।- |
| | खानेपानीको धाराजडान सिफारिस | ५००।- |
| | अङ्ग्रेजी भाषामा गरिने सबै खाले प्रति सिफारिस | ५००।- |
| | मदिरा विक्रीको लागि इजाजत लिने प्रति सिफारिस | ३००।- |
| | नाता प्रमाणित स्थानीय प्रयोजन प्रति गोटा | १००।- |
| | नाता प्रमाणित वैदेशिक सेवाको पेन्सन नामसारी प्रयोजन प्रति गोटा | ४००।- |
| | नाता प्रमाणित वैदेशिक अध्ययन प्रति गोटा | ५००।- |
| | नागरिकता सिफारिस प्रति गोटा | १५०।- |
| | नागरिकता प्रतिलिपि सिफारिस प्रति गोटा | २००।- |
| | नागरिकता सिफारिस सर्जमिन बुझ्नु पर्नेमा प्रति गोटा | ५००।- |
| | अंगिकृत नागरिकता सिफारिस प्रति गोटा | ७००।- |
| | व्यत्तिगत घटना दर्ता जरिवाना प्रति गोटा | १००।- |
| | व्यत्तिगत घटना दता प्रतिलिपि प्रति गोटा | १००।- |
| | संस्था दर्ता गर्नको लागि गरिने सिफारिस प्रति गोटा | १०००।- |
| | जीवित प्रमाणिकरण सिफारिस प्रति गोटा | ५००।- |
| | पेन्सन नामसारी तथा पारिवारिक विवरण प्रमाणिकरण (वैदेशिक पेन्सनमा) प्रति गोटा | १०००।- |
| | विभिन्न समितिको नाममा वैंक खाता खोल्ने र वन्द गर्ने सिफारिस प्रति गोटा | ५००।- |
| | अविवाहित प्रमाणिकरणको सिफारिस प्रति गोटा | ५००।- |
| **तालीम प्राप्त कालिगढ वैयक्तिक विवरण दर्ता तथा इजाजत् दस्तुर** | क.दक्ष | ७५०।- |
| | ख.अर्धदक्ष | २००।- **(पटके)** |
| **घर कायम गर्ने सिफारिस (पटके)** | मालपोत कार्यालयले तयार गरेको विशेष मूल्यांकनमा पर्ने क्षेत्रका घरहरू | ७००।- |
| | मालपोत कार्यालयले तयार गरेको विशेष मूल्यांकनमा नपर्ने क्षेत्रहरू | १००।- |
| **माथि उल्लेख भए वाहेकका अन्य सामान्य सिफारिस प्रति सिफारिस<br>कार्यालयमा पर्न आउने जुनसुकै व्यहोराको निवेदन दस्तुर वापत** | | १००।-<br>१०।- |

| | | |
|---|---|---|
| **नगरपालिकाको सभाहलको भाडा (पटके)** | हल मात्र (दैनिक) | २०००।- |
| **प्रोजेक्टर भाडा** | दैनिक रू. **(पटके)** | १५००।- |

**१. भवन निर्माण कार्यको इजाजत् दिदा नगरपालिकाले लिने दस्तुरको दर**
**भवन ऐन, २०५५ अनुसार क,ख र ग वर्गका भवनहरूको लागि :**

| **भवनको किसिम** | **प्रयोजन** | | | |
|---|---|---|---|---|
| | **आवासिय प्रति व.फि.दर** | **औधिगिक/व्यापारिक प्रति व.फि.दर** | **सरकारी प्रति व.फि.दर)** | **संस्थागत प्रति व.फि.दर** |
| क वर्गका भवनहरू | १० | १३ | १५ | १३ |
| क वर्गका भवनहरू | ७ | ९ | १२ | ८ |
| क वर्गका भवनहरू | ६ | ८ | ११ | ७ |

**२. भवन ऐन, २०५५ अनुसार घ वर्गका भवनअरूको लागि :**

| **भवनको किसिम** | **प्रयोजन** | | | |
|---|---|---|---|---|
| | **आवासिय प्रति व.फि.दर** | **औधिगिक/व्यापारिक प्रति व.फि.दर** | **सरकारी प्रति व.फि.दर** | **संस्थागत प्रति व.फि.दर** |
| बजार क्षेत्र | ३ | ४ | ४ | ५ |
| ग्रामीण क्षेत्र | १ | २ | ३ | ४ |

**३. विनियम लागु हुनुअघि निर्माण भईसकेका भवनहरूको यथास्थिति/अभिलेखिकरण नक्सा पास दस्तुर (भवन ऐन २०५५ अनुसार वर्गीकृत भवनहरूको आधारमा**

| **भवनको किसिम** | **प्रयोजन** | | | |
|---|---|---|---|---|
| | **आवासिय प्रति व.फि.दर** | **औधिगिक/व्यापारिक प्रति व.फि.दर** | **सरकारी प्रति व.फि.दर** | **संस्थागत प्रति व.फि.दर** |
| क वर्गका भवनहरू | ७।- | ८।- | १३।- | |
| ख वर्गका भवनहरू | ७।- | ८।- | ११।- | |
| ग वर्गका भवनहरू | ६।- | ७।- | १२।- | |
| घ वर्गका भवनहरू | ३।- | ४।- | ४।- | |

## राजस्व दस्तुर (पशुसेवा शाखा/कृषि शाखा)

| सि.नं. | आर्थिक वर्ष २०७५/०७६ |
|---|---|
| १ | पशुपन्क्षी पालन कृषक समुह दर्ता तथा नविकरण शुल्क रू. १००० ।- |
| २ | कृषिको समूह दर्ता शुल्क रू.१०००।- |
| ३ | व्यक्तिगत कृषि फर्म/पशुपंक्षी फर्म दर्ता तथा नविकरण शुल्क रू.२०००।- |
| ४ | कृषि, पशुसेवा शाखा तथा अन्य शाखाको सिफारिस दस्तुर रू. ५००।- (मृतक पशु, कृषि बालीको क्षति भएको सिफारिस गर्दा दस्तुर नलिने) |
| ५ | पशुपंक्षी पालन कृषक समुहको प्रमाण पत्र तोकिएको म्याद नाघेर आएमा जरिवाना थप दस्तुर र ३ महिनासम्म रू. १००, ६ महिना देखि १ वर्षको रू. ३०० र १ वर्ष भन्दा बढी म्याद नागेमा समुहको प्रमाण पत्र खारेज हुनेछ । |
| ६ | पशुपंक्षी फार्म प्रमाण पत्र तोकिएको म्याद नाघी आएमा जरिवाना थप दस्तुर ३ महिना सम्म रू. १००, ६ महिना देखि १ वर्षको रू. ३०० र १ वर्ष भन्दा बढी म्याद नाघेमा फार्म दर्ता प्रमाण पत्र खारेज हुनेछ । |
| ७ | **उपचार सेवा शुल्क**<br>गाई भैसी दर्ता शुल्क रू. १५।-<br>भेडा बाखा दर्ता शुल्क रू. १०।-<br>कुखुरा दर्ता शुल्क रू. ५।-<br>कुकुर बिरालो दर्ता शुल्क रू. १०।-<br>गोबर परिक्षण शुल्क रू. १५।-<br>बहर बन्ध्याकरण रू. ५०।-<br>बोका बन्ध्याकरण रू. २५।- |
| ६ | **पशुपंक्षी पोष्ट मार्टम शुल्क**<br>गाई भैसी रू. १००।-<br>भेडा बाखा रू. १००।-<br>कुखुरा हाँस रू. ५०।-<br>कुकुर बिरालो रू. २००।-<br>घोडा रू. ३००।- |

**राजश्व परामर्श समितिले दिएको सुझावहरू :**

१. लोडर सञ्चालनको लागि कुनै ठाउँमा जानु पर्दा सम्बन्धित खातामा रकम जम्मा गरेको बैंक भौचर साथमा राखी निवेदन तोक लगाई तोक आदेश हुँदा रकम अङ्क अनुसार काममा पठाउने ।

२. मिश्रित ब्यापार किराना, मदिरा, खाद्यन्न ।

३. (क) फोहोरमैला संकलनको लागि होटेल रू.३००।- (तीन सय) ।
(ख) अन्य घरबाट रू..१००।-(एक सय) ।
मासिक शुल्क तिर्नुपर्ने र कार्यालयले तोकेको स्थानमा फोहोर जम्मा गरिदिनु पर्ने ।

४. बजारक्षेत्रमा एक घर दुई विरूवा घरको अगाडि गमलामा रोप्नु पर्ने ।

५.	सडकमा निर्माण सामाग्री जथाभावि राख्नेलाई जरीवाना स्वरूप पहिलो पटक रू.३००।-, दोस्रो पटक रू.५००।-, तेस्रो पटक रू.१५००।-, चौथो पटक ३०००।- र पाँचौ पटक वा माथि प्रति रू.६०००।-

७.	एकीकृत सम्पत्ति कर ०.०१२५% लागु गरिने छ ।

८.	नगरपालिका क्षेत्रभित्रका बालुवा, ढुंगा, गिट्टी, माटो, रोडा, काठ, जरा, उत्पादन भएको क्षेत्रको पहिचान गरी सम्बन्धित पक्षमा कर लगाइने छ ।